# सार्वजनिक काल्पनिकीमा सीमा चिन्तन

**भावना ओली**

## परिचय

संविधान लेखन प्रक्रियाप्रति असहमति जनाउँदै २०७२ असोजमा मधेशी आन्दोलनकारीले नेपालको दक्षिणी सीमा-नाकाहरूमा धर्ना थाले । चलनचल्तीको बुझाइमा ती नाकाले आर्थिक “करिडोर” को प्रतिनिधित्व बढी गर्छन् । त्यसैको सेरोफेरोमा अत्यावश्यक सामग्रीको निर्यातलाई प्रभावित गर्न भारतले “अघोषित नाकाबन्दी” लगायो । सिंगो मुलुक मधेश आन्दोलन र भारतीय नाकाबन्दीको दोहोरो मारमा संकटग्रस्त बन्यो । यस लेखमा सीमा-नाका केन्द्रित मधेश आन्दोलन र भारतीय नाकाबन्दीले निम्त्याएको संकटकालीन समयलाई सन्दर्भ बनाएर सीमाबारे विवेचना गरिएको छ ।

मधेश आन्दोलनका क्रममा असोज २०७२ मा गरिएको नाकाको सो प्रयोग रणनीतिक थियो । सीमाको यस्तो प्रयोग र सीमावासीलाई लिएर दिल्ली र काठमाडौँमा नेपाल-भारतसम्बन्ध र अझ विशेष रूपमा खुला सीमाबारे अनेक मत सार्वजनिक भए । सोही संकटकालीन समयमा भएको बहसलाई आधार बनाएर यस लेखमा सार्वजनिक काल्पनिकीमा सीमालाई के-कसरी बुझिएको छ त्यसबारे विश्लेषण गरिएको छ । सो समयमा मधेश आन्दोलनमा सीमाको प्रयोग र नाकाबन्दीकै औचित्यबारे काठमाडौँ र दिल्लीमा, राष्ट्रिय र क्षेत्रीय तहमा, सीमा क्षेत्रका जनतामाझ एवं आन्दोलनरत समूहबीच सीमा सम्बन्धी विमर्शले भिन्न-भिन्न बुझाइलाई उजागर गऱ्यो । ती बुझाइका विविध आयामलाई यस लेखमा केलाउने प्रयास गरिएको छ ।

नेपालको संविधान २०७२ को घोषणापूर्व मधेशमा विरोधका कार्यक्रम प्रारम्भ भए । यसको शुरूआत प्रस्तावित संविधानमा संघीय संरचना अन्तर्गत छ ओटा प्रदेश रहने घोषणासँगै भयो । मधेशी दलसम्बद्ध संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले फागुन १६, २०६४ मा तत्कालीन सरकारसँग आठ बुँदे सहमति गरेको थियो । सो सहमतिमा “स्वायत्त मधेश प्रदेश” हुने गरी संघीय सीमांकन, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र, समानुपातिक समावेशीका आधारमा प्रतिनिधित्व, मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा लगायतका बुँदा उल्लेख थिए (शान्ति तथा पुनर्निर्माण मन्त्रालय २०६८) । सो सहमतिलाई धेरै हदसम्म नेपालको अन्तरिम संविधान, २०६३ ले समेत सम्बोधन गरेको थियो । तर अन्तरिम संविधानमा प्रदत्त अधिकारबाट पछि हट्दै

*समाज अध्ययन* १२ : १६९–१९३, २०७४

तीन ठूला दल : नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) [एनेकपा (माओवादी)] ले असार २२, २०७२ मा संविधानको नयाँ खाका प्रस्तुत गरे । प्रतिक्रियामा प्रस्तावित संविधानको प्रक्रिया र विषयवस्तुले आफ्ना मागहरू सम्बोधन गर्न नचाहेको भन्दै मधेशी मोर्चाले संविधान घोषणापूर्व नै विरोधका कार्यक्रम सार्वजनिक गऱ्यो ।

साउन १९, २०७२ मा मधेशी मोर्चा, जनजाति पार्टीहरू र मोहन वैद्य नेतृत्वको नेकपा माओवादी समेतको ३३ दलीय राष्ट्रिय मोर्चाले संविधानको प्रस्तावित खाकालाई संयुक्त रूपमा बहिष्कार गर्दै विरोधका कार्यक्रम सार्वजनिक गऱ्यो । गठबन्धनले साउन ३० मा मसाल जुलुस र साउन ३१ मा नेपाल बन्द घोषणा गऱ्यो । यसरी साउन अन्तिम साताबाट शुरू भएको मधेशवादी दलहरूको विरोधका कार्यक्रमले तराई बन्दलाई निरन्तरता दियो । प्रारम्भिक ३५ दिनको विरोध प्रदर्शन र झडपमा ४० जनाभन्दा बढी सर्वसाधारण र मधेशी आन्दोलनकारीले ज्यान गुमाए (हेर्नुहोस्, अनुसूची) । मधेशी, थारू र अन्य जनजाति पार्टीहरूको विरोधमाझ असोज ३ गते नेपालको संविधान, २०७२ जारी भयो । त्यसको भोलिपल्टै मधेशी मोर्चाले आन्दोलनको रणनीति परिवर्तन गरी राजमार्ग र सदरमुकाम केन्द्रित आन्दोलनलाई नेपाल-भारत सीमातर्फ केन्द्रित गर्दै नाकामा धर्ना दिने घोषणा गऱ्यो ।

करिब एक दशकको शान्ति प्रक्रिया टुंगिएको घोषणा सहित जारी भएको संविधानप्रति भारतले असन्तुष्टि प्रकट गऱ्यो (अन्नपूर्ण पोष्ट २०७२क) । नेपालको राजनीतिक घटना एवं उतारचढावमा ऐतिहासिक रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको भारतको असन्तुष्टि सांकेतिक रूपमा मात्र सीमित भएन । संविधान जारी भएपछि भारतीय विदेश मन्त्रालयले जारी गरेको "नेपालको पछिल्लो स्थितिबारे" शीर्षकको वक्तव्यमा "नेपालमा एउटा संविधान जारी भएकोबारे जानकार छौँ" भनी उल्लेख गरियो (भारतीय विदेश मन्त्रालय सन् २०१५) । त्यसको लगत्तै मधेशी मागप्रति ऐक्यबद्धता जनाउँदै नेपाल-भारत सीमा मार्फत दैनिक उपभोग्य वस्तु र आधारभूत आपूर्तिका साधनमाथि भारतले रोक लगायो । मधेशी मोर्चाले सीमा-नाकामा गरेको धर्ना र भारतले लगाएको नाकाबन्दीसँगै देशव्यापी रूपमा संकट सिर्जना भयो ।

संकटकालीन समयले असहज वा अवरोधको परिस्थितिलाई जनाउँछ । उदाहरणका लागि, नेपाली राजनीतिक वृत्तमा संकटकालले सामान्यतः माओवादी द्वन्द्व कालमा दोस्रो वार्ता असफल भए पछिको स्थितिलाई जनाउँछ । वार्ता असफल भएसँगै तत्कालीन सरकारले सेना परिचालन गर्ने वातावरण अनुकूल बनाउन वाक् स्वतन्त्रतालाई निश्चित अवधिका लागि निलम्बन गरेको थियो । सो अवधिमा नेपाली समाजमा हत्या-हिंसा, वेपत्ता र सैन्यीकरण तीव्र भयो । झट्ट हेर्दा सो समयमा संकटकालको अवधि केवल नौ महिना मात्र रहे पनि त्यस बेलाको युद्ध-अत्याचारका असरहरूलाई नेपाली समाज र राजनीतिले अद्यापि झेलिरहेको

छ । नाकाबन्दी कालखण्ड पनि त्यस्तै अर्को संकटकालीन उदाहरण हो । सो अवधिमा सीमावासीका सामाजिक, आर्थिक, राजनीतिक जीवनले विशिष्ट किसिमको असहजता भोगिरहेको थियो भने त्यस परिस्थितिलाई बुझ्ने र सम्बोधन गर्ने सांस्कृतिक चिन्तन धेरै तवरले विभाजित थियो । यस अध्ययनले नाकाबन्दीले निम्त्याएको सो संकटकालीन समय र त्यसका विविध आयामलाई विश्लेषण गर्ने छ ।

नाकामा देखिएको अवरोधसँगै सीमा क्षेत्र, मधेश आन्दोलनको गति एवं स्वरूप, भारत र चीनसँग नेपालको सम्बन्ध वरिपरि व्यापक बहस भए । त्यस्तै, दक्षिणी नाकामा चलिरहेको धर्नालाई सन्दर्भ बनाएर आन्दोलनको समर्थन-विरोधमा, भारतको भूमिकाको पक्ष-विपक्षमा, खुला सिमानाको औचित्यमाथि नेपालको राजनीतिक र सामाजिक वृत्त विभाजित रह्यो । सीमा-नाकामा केन्द्रित धर्ना र भारतको नाकाबन्दीले आन्दोलनलाई नयाँ उचाइ दिने र केन्द्रीय सत्ता-सम्बन्धलाई गलाउने विश्वास मधेशी आन्दोलनकारीहरूको थियो, र अन्ततः आन्दोलनका महत्त्वपूर्ण माग सम्बोधन हुने उनीहरूले ठानेका थिए । अर्कोतर्फ, अधिकांश शहरी बुद्धिजीवी र जनसंख्याको ठूलो हिस्साले मधेश आन्दोलनले भारतीय भूमिकाको स्वागत गरेको भन्दै मधेश आन्दोलन र भारतीय हस्तक्षेपकारी भूमिकाको विरोध गरे । नाकाबन्दीले निम्त्याएको संकटकालीन समयमा नेपाल-भारत सम्बन्धको मूल्यांकन, मधेशवादी आन्दोलनको औचित्य, भारत सँगको खुला सिमाना नियमनको आवश्यकता, चीनसँग पारवहन सम्झौताको महत्त्व, आदि विषयमा सरकारले जोड दिनुपर्ने उनीहरूको जिरह थियो । यी पक्षहरूले प्राथमिकता पाएका खण्डमा भारत सँगको निर्भरता अन्त्य हुने उनीहरूको विश्वास थियो ।

मधेश आन्दोलन र नाकाबन्दीले अत्यावश्यक सामग्रीको अभाव गराइ सर्वसाधारणको जीवनयापनलाई कष्टकर बनाउनुका साथै नेपाल-भारतको आर्थिक-राजनीतिक पक्षलाई असामान्य अवस्थामा पुऱ्यायो । नाकाबन्दीले निम्त्याएको यस संकटकालीन समयमा नेपाली सामाजिक, आर्थिक, राजनीतिक पक्षका अनेक आयामलाई केन्द्र र सीमान्तकृत क्षेत्रले अलग-अलग व्याख्या र विश्लेषण गरे । ती आयामहरूले केन्द्र-सीमान्त सम्बन्धका विभिन्न अवयवलाई सतहमा ल्याए, जसलाई नियालेर अध्ययन गर्दा नेपाली राजनीतिक इतिहासको यस कालखण्डको एउटा गहन पाटोलाई उजागर गर्न सकिन्छ । यो लेख त्यस तर्फको सानो प्रयास हो ।

यस लेखमा काठमाडौँबाट छापिने मूलधारका दुई पत्रिका *कान्तिपुर* र *अन्नपूर्ण पोष्ट* दैनिकमा असोज २०७२ मा नाकाबन्दी शुरू भएदेखि चैतसम्म (माघमा नाकाबन्दी अन्त्य भए पछिको केही समय पनि समेट्न) करिब सात महिनाको अवधिमा छापिएका सामग्री अध्ययन गरिएको छ । अरू पत्रपत्रिकाको तुलनामा बढी पढिने मूलधारका दुई प्रभावशाली दैनिक पत्रिका *कान्तिपुर* र *अन्नपूर्ण पोष्ट* छानिएको हो । मूलतः नाकाबन्दी र मधेश आन्दोलन

वरिपरि प्रकाशित समाचार, लेख, सम्पादकीय र अन्तर्वार्तालाई विश्लेषणको आधार बनाइएको छ । सामान्यतः दैनिक पत्रिकाले राष्ट्रिय सवाल वा दैनन्दिनका सरोकारलाई सर्वसाधारणसामु पुऱ्याउने गर्छन् । ती सवालहरू आम चासोका माध्यम समेत बन्ने गर्छन् । त्यसैले, सीमा चिन्तनको सार्वजनिक आयामलाई बुझ्न यो लेखमा दैनिक पत्रिकालाई अध्ययनको माध्यम बनाइएको हो ।

परिचय र निष्कर्ष बाहेक मुख्य दुई खण्डमा यो लेख विभाजित छ । पहिलो खण्डमा सीमा नाकाको प्रयोगको सन्दर्भलाई ऐतिहासिक राजनीतिक घटनाक्रमसँग दाँजेर हेरिएको छ । दोस्रो खण्डमा मधेश आन्दोलन र भारतीय नाकाबन्दीको संकटकालीन समयमा केन्द्रको काल्पनिकीमा सीमाले बनाएको स्थान र मान्यताको विश्लेषण गरिएको छ । यस लेखमा उत्तरी सीमाको सामान्य चर्चा भए पनि सीमा नाकाबारे कुरा गर्दा मूलतः दक्षिणी सीमाको विश्लेषण गरिएको छ । अन्त्यमा निष्कर्ष छ ।

## सीमाको रणनीतिक प्रयोग

नेपालको भौगोलिक अवस्थितिले देशको भूराजनीतिलाई प्रत्यक्ष असर गरेको छ । उत्तरमा चीन एवं पूर्व, पश्चिम र दक्षिणमा भारत, दुवै ठूला राष्ट्रहरूले घेरिएको नेपाल भूपरिवेष्ठितभन्दा पनि भारतवेष्ठित बन्दैआएको छ । नेपालको राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्ध चीनभन्दा भारतसँग तुलनात्मक रूपमा बढी आश्रित छ । भारत सँगको सम्बन्ध दुई देश बीचको सांस्कृतिक अन्तर्घुलन साथै भूगोल र खुला सिमानाले गर्दा पनि चीन सँगको भन्दा फरक छ ।

खुला सिमानाकै कारण नेपाल-भारतबीच देखा पर्ने समस्याले समय-समयमा दुई देशबीच सीमा विवाद उठ्ने र आपसी सम्बन्धमा चिसोपना आउने गरेको छ । धेरैजसो सीमा अतिक्रमण वा सीमा क्षेत्रमा हुने अनेकौँ गैरकानूनी कार्यले गर्दा सुरक्षाको सवालसँग गाँसिएर सीमाको चर्चा हुने गरेको छ (बराल सन् २०१५क) । साथै विभिन्न आर्थिक-राजनीतिक-सुरक्षाको कारण दर्शाउँदै नेपालमाथि भारतले पटक-पटक नाकाबन्दी लगाएको छ । उदाहरणका लागि, भारतले २०२७ सालमा नेपाल-भारत व्यापार तथा पारवाहन सन्धिको अवधि समाप्त भएको भन्दै पटक-पटक सीमा नाका बन्द गरी अघोषित नाकाबन्दीको अवस्था सिर्जना गरेको थियो । शुरूमा असोज १४ गते राती १२ बजेदेखि नेपाल प्रवेश गर्ने दैनिक उपभोग्य सामान सहितका गाडी सिमानामा रोकिदिएको थियो । सो समयमा मुलुकभर भारतीय कारबाही विरुद्ध तीव्र प्रतिक्रिया उत्पन्न भयो (श्रेष्ठ २०२८) । त्यसको १२ घण्टापछि ती सामान नेपाल प्रवेश गर्न दिइयो । त्यस बीचमा नेपाल-भारत व्यापार तथा पारवाहन सम्बन्धी वार्ता भएको थियो तर सो वार्ता असफल भयो (श्रेष्ठ २०२८) । वार्ता असफल भएपछि कात्तिक १० देखि भारतले पुनः तीन दिनसम्म नाका अवरुद्ध

पाऱ्यो । यस्तै प्रकारले नाका खुल्ने र बन्द गर्ने शृंखला त्यति बेला नौ महिनासम्म चलेको थियो । त्यति बेलाको अवस्थालाई नेपाल-भारत बीचको व्यापारिक संकटका रूपमा पनि सम्झने गरिन्छ (के.सी. २०६१ : १३५) । त्यस्तै, चैत २०४५ देखि वैशाख २०४७ सम्म भारतले पुनः नेपालमाथि नाकाबन्दी लगायो । भारतले सो समयमा नेपाल-भारत बीचका २२ नाकामध्ये २० ओटा नाका बन्द गर्नुका साथै नेपालले प्रयोग गर्दैआएको कोलकाता बन्दरगाह समेत बन्द गरेको थियो । त्यति बेला व्यापार तथा पारवाहन सम्झौताको आडमा भारतले सीमा नाका बन्दको घोषणा गर्नुको भित्री कारण भने अर्कै थियो । नेपाल सँगको मुख्य असन्तुष्टि नेपालले चीनसँग बढाएको सामीप्यता र ऊसँग हातहतियार खरिद गर्ने नेपालको निर्णय थियो (घोष सन् २०१५) । चीन सँगको हातहतियार खरिदलाई भारतले सन् १९५० मा दुई देशबीच भएको शान्ति तथा मैत्री सन्धि र सन् १९६५ मा भएको हतियार खरिद सम्बन्धी सम्झौताको उल्लंघन भन्दै रोष प्रकट गरेको थियो (सिंह सन् २००९) । भारतीय असन्तुष्टिको अर्को कारण नेपालले भारतीय लगायत अन्य विदेशीमाथि “वर्क पर्मिट” लगाउने घोषणा थियो (कोइराला सन् १९९०) । करिब १३ महिना लामो सो नाकाबन्दीले नेपाली अर्थतन्त्रलाई धराशयी बनाउनुका साथै नेपाल-भारत सम्बन्धलाई चिसो बनाएको थियो । तत्कालीन समयमा निरंकुश पञ्चायत व्यवस्था विरुद्ध आन्दोलनरत नेपाली काँग्रेस तथा वाममोर्चा लगायत दलहरूले प्रजातन्त्र पुन:स्थापनाको आफ्नो मागप्रति पञ्चायती शासक उदास रहेकोमा विरोध जनाइरहेका थिए । सो नाकाबन्दीले तत्कालीन सत्तालाई संकटमा पार्ने आकलन गर्दै त्यस बेला आन्दोलनरत ठूला दलहरूले भारतीय नाकाबन्दीको अप्रत्यक्ष रूपमा समर्थन गरेका थिए (थपलियाल मिति नखुलेको) । सो भारतीय नाकाबन्दीलाई अन्तर्राष्ट्रिय समुदायको सहयोगमा हटाउन गरेको प्रयास असफल भएपछि देशभित्र देखिएको विरोधको स्थिति एवं देशको गिर्दो आर्थिक अवस्थाका कारण यसलाई अन्त्य गर्न शाही सरकार पछि गएर अग्रसर भएको थियो । वि.सं. २०४५ को सो नाकाबन्दीको तुलनामा २०७२ सालको नाकाबन्दी दैनिक आवश्यक सामग्री उपलब्धताको दृष्टिबाट केही सहज थियो भनिन्छ । त्यसैले, राजनीतिक विश्लेषक सीके लाल (२०७२) ले पछिल्लो स्थितिलाई नाकाबन्दी हैन “नाकाकस्सी” भनेका छन् । “नाकाबन्दी शब्दले युद्धको भयावह स्थिति बुझाउने” भएकाले उनले नाकाबन्दी नभई नाकाकस्सी शब्दलाई तत्कालीन संकटको समयलाई जनाउन प्रयोग गरेका थिए । नाकाबन्दीले निम्त्याएको असहजतामा केही कम-बेसी भए पनि स्थिति असामान्य थियो, जसले समग्र क्षेत्रीय सम्बन्ध र खुला सीमाको औचित्यबारे अनेकौं प्रश्न उब्जायो ।

नेपालमा हुँदैआएका राजनीतिक संघर्षलाई नियाल्दा राणा शासन विरुद्धको आन्दोलनमा पहिलो पटक सीमा क्षेत्रमा राजनीतिक प्रर्दशनहरू भएका थिए । सो आन्दोलनमा भारतको पूर्ण समर्थन थियो । त्यसैले, भारतमा बसेर राजनीतिक गतिविधि गरिरहेका दलहरूलाई

सीमाक्षेत्र राजनीतिक विरोध प्रदर्शन गर्न सहज बन्यो । करिब ३० वर्ष लामो पञ्चायती व्यवस्था विरुद्धको आन्दोलनमा पनि सीमाक्षेत्र वरिपरि राजनीतिक गतिविधि बढे । नेपाली काँग्रेसले पञ्चायत व्यवस्था विरुद्ध हतियार समेत उठायो । ती सबै विरोध र संघर्ष सीमा-नाका वरिपरि सीमित भए । सीमाक्षेत्र पुनः एक पटक राजनीतिक संघर्षका लागि माध्यम नै बन्यो । माओवादीको दश वर्षे जनयुद्धताका पनि वस्तु र व्यक्ति आवतजावतका लागि खुला सीमा सहज माध्यम रह्यो । तर, पछिल्लो मधेश आन्दोलनमा सीमाको भूमिका राजनीतिक संघर्षको भौगोलिक माध्यम मात्र रहेन, आन्दोलनकारीले सीमालाई राजनीतिक संघर्षको रणनीतिक हतियार बनाए । भौगोलिक "माध्यम" बाट राजनीतिक "रणनीति" मा सीमा क्षेत्रको प्रतीकात्मक रूपान्तरण गर्न आन्दोलनकारीहरू सफल भएकै कारण नाकाबन्दीको असामान्य अवस्थामा मधेश आन्दोलनले क्षेत्रीय सबन्धलाई धेरै हिसाबले तरंगित गऱ्यो । परिणामः भूगोल, राजनीति, क्षेत्रीय सम्बन्ध, आदि विषयहरू विवादित बने ।

सामान्यतः सीमा माध्यम वा साधनमा सीमित रहँदा यसले वस्तु वा व्यक्तिको आवत-जावत साथै विशेष राजनीतिक परिस्थितिमा सहज भौगोलिक भूमिकाको उपलब्धतालाई जनाउँछ । सीमा-नाका केन्द्रित धर्नाभन्दा पहिल्यैका राजनीतिक संघर्षहरूमा सीमा यस्तै माध्यमको रूपमा उपलब्ध थियो । त्यसैले नाका केन्द्रित धर्ना र सोभन्दा पहिल्यैको सीमा क्षेत्रको राजनीतिक प्रयोगको ऐतिहासिकता भिन्न छ । पछिल्लो नाकाबन्दीमा सीमाको पुरानो मान्यता—वस्तु र व्यक्तिको आवतजावत हुनसक्ने अन्तर्राष्ट्रिय सिमाना—कायम रहे पनि त्यसको प्रयोगले थप अर्थ बोकेको थियो । आन्दोलनकारीहरूले सीमालाई राजनीतिक संघर्षको केन्द्रमा ल्याए । आन्दोलनको तागत शक्ति प्रदर्शन र जनपरिचालनमा मात्र होइन बरु नाकालाई कसरी उपयोग गर्ने भन्ने सवालमा नै शक्ति प्रदर्शन निहित थियो । अर्थात् सीमाको रणनीतिक प्रयोगसँग आन्दोलनको शक्ति जोडिएको थियो, साथै सो भौगोलिक क्षेत्रको राजनीतिक अर्थ । नेपालको राजनीतिक इतिहासमा सीमाको यस्तो रणनीतिक प्रयोग यो पहिलो थियो, जसले भिन्न किसिमको संकटकालीन अवस्था सिर्जना गऱ्यो । यही ऐतिहासिक अवस्थालाई विश्लेषण गर्दै सीमाको सार्वजनिक काल्पनिकीलाई बुझ्ने र विश्लेषण गर्ने प्रयास यस लेखमा गरिएको छ ।

### *सीमा माध्यमको प्रयोग*

नेपालको राजनीतिक इतिहासमा विभिन्न समयमा भएका आन्दोलन र विरोधका कार्यक्रममा सीमाक्षेत्र माध्यमको रूपमा प्रयोग गरियो । उदाहरणका लागि, राणाकालीन समयमा नेपाली काँग्रेसले थालेको राणा शासन विरुद्धको आन्दोलनमा सीमाक्षेत्र राजनीतिक गतिविधि सञ्चालनको माध्यम बन्यो । त्यसताका "जनतामा कुनै पनि किसिमको चेतना र जागरण नआओस् भन्ने उद्देश्यले शिक्षा नियन्त्रित थियो र राजनीतिक पार्टी सञ्चालन गर्न प्रतिबन्धित

नै थियो" (बास्कोटा २०५५ : ८६–८७) । राणा कालमा आफ्नो अधिकांश कार्यकर्ता उत्तर भारतका शहरहरूमा सक्रिय रहेकै बेला काँग्रेसले आन्दोलन घोषणा गऱ्यो । त्यसैले काँग्रेसी कार्यकर्ताहरूले सीमापारि भारतमा बसेर वारि नेपालमा आन्दोलन चर्काए (गुप्ता २०४९ : २८–३०) । २००३ सालमा राणा विरोधी कार्यक्रम शुरू गरेको राष्ट्रिय काँग्रेसले आफ्नो पहिलो प्रतिनिधि मण्डलको बैठक विराटनगर नजिकै भारतको जोगबनीमा आयोजना गरेको थियो (बाँस्कोटा र शर्मा २०५५ : १०६) । तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले सहयोग गरेको काँग्रेसको राणा विरोधी आन्दोलनलाई नेपाल भित्रबाट सञ्चालन गर्नुभन्दा सीमापारि भारतीय भूमिबाट सञ्चालन गर्न सजिलो थियो । खुला सीमा भएकै कारणले काँग्रेसले विरोधका कार्यक्रम सीमापारि भारततर्फ बसेर नेपालमा कार्यान्वयन गर्ने वातावरण बन्यो । साथै, तत्कालीन राणा शासन विरोधी गतिविधि सञ्चालन गरिरहेका नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजातान्त्रिक काँग्रेस पार्टीलाई एउटै बनाउने र काँग्रेस पार्टीका बोर्डहरू, जुन भारतका कलकत्ता, बनारस, पटना लगायतका स्थानमा थिए, तिनलाई हटाउँदै काँग्रेस पार्टीको नेतृत्वमा भूमिगत कार्यक्रम सञ्चालन गर्न भारतीय नेता नेहरूले सुझाएका थिए । यसो गर्दा आन्दोलनलाई सहयोग गर्न भारतलाई सजिलो हुने बुझाइ थियो (कोइराला सन् २००८ : १९) । राणा शासन विरुद्ध सशस्त्र आन्दोलन गर्ने उद्देश्यले असोज १० र ११, २००७ मा भारतको बैरगनियामा नेपाली काँग्रेसका प्रतिनिधिहरूको एक सम्मेलन आयोजना गरिएको थियो (बराल सन् २००६ : १९) । सो समयमा सशस्त्र आन्दोलनका लागि आवश्यक हतियार भारतीय नाका हुँदै नेपाल भित्र्याइएको थियो (कोइराला २०५५क : १२५–१२७) । राणा शासन विरुद्ध विराटनगरमा भएको मजदूर आन्दोलन क्रममा नेपाली भूमिमा आफू असुरक्षित भएर भारतीय भूमितर्फ भागेको कुरा मातृकाप्रसाद कोइराला (सन् २००८ : १२०–१२२) ले उल्लेख गरेका छन् ।

२०१७ सालमा संसद् विघटन गरेर सत्ता हत्याएपछि राजा महेन्द्रले शुरू गरेको पञ्चायती व्यवस्था विरुद्धको आन्दोलनमा पनि सीमा क्षेत्रलाई संघर्षको माध्यम बनाइएको थियो । महेन्द्रले राजनीतिक दलहरूलाई प्रतिबन्धित गरेपछि नेपाली काँग्रेसका नेताहरूले भारतमा शरण लिए र आन्दोलन गरे । त्यस समयको आन्दोलनमा नेपाल-भारत खुला सीमा आन्दोलनकारीहरूका लागि हतियार ओसारपसार गर्न साथै भारततर्फ बसेर नेपालतर्फ संघर्ष गर्न सजिलो रह्यो (कोइराला २०५५ख) । नेपाल तर्फको आन्दोलनमा भारतको प्रत्यक्ष-परोक्ष सहयोग लिन खुला सीमाले सहयोग पुऱ्यायो । खुला सीमा नभएको भए धेरै नेता र कार्यकर्ता पक्राउ पर्थे र जेल चलान हुन्थे । खुला सीमा भएकोले उनीहरू दिनभरि भारततर्फ बस्ने र रातमा राजनीतिक गतिविधि सञ्चालन गर्न नेपालतर्फ आउने गर्थे । यति हुँदाहुँदै पनि सीमापारिका नेता, प्रशासक एवं सर्वसाधारणको सहयोग बेगर यति सजिलै सीमा क्षेत्रमा राजनीतिक गतिविधिलाई निरन्तरता दिन सम्भव थिएन ।

माओवादी द्वन्द्वकाल (वि.सं. २०५२–२०६२) मा माओवादी नेता एवं कार्यकर्ता भूमिगत रहँदा सीमापारि गएर लुक्ने, भारतका विभिन्न स्थानमा छद्म नाममा बस्ने र भारतीय सीमाको प्रयोग गरेर हातहतियार नेपाल भित्र्याउने गर्थे (बराल २०१५ख) । नेपालबाट भारतीय सीमा हुँदै भारतको बिहार, पश्चिम बंगाल, झारखण्ड, मध्यप्रदेश, छत्तिसगढ, आदि स्थानमा माओवादीका बैठक, कार्यक्रमहरू गोप्य रूपमा सञ्चालन हुने गरेका समाचार द्वन्द्वकालीन समयमा प्रकाशन भएको पाइन्छ (साउथ एसिया टेररिजम पोर्टल सन् २००१) । त्यस्तै, भारतको पश्चिम बंगाल राज्यबाट फागुन १४, २०५९ मा माओवादीका चार कार्यकर्ता प्रकाउ परे (साउथ एसिया टेररिजम पोर्टल सन् २००१) । माओवादी वरिष्ठ नेता सीपी गजुरेल, मोहन वैद्य र मातृका यादव जस्ता नेताहरू भारतमा नै पक्राउ परेका थिए (झा सन् २०१४) । तत्कालीन समयमा नेपाल-भारत खुला सीमालाई नै माध्यम बनाएर माओवादीले भूमिगत राजनीति गरे र युद्धका गतिविधिलाई सशक्त बनाए । खुला सीमा माओवादी गतिविधिका लागि सहज माध्यम बनेको थियो । सीमा नजिकको भारतीय जंगलमा माओवादीले सैनिक प्रशिक्षण केन्द्र समेत स्थापना गरेका थिए । उदाहरणका लागि, चम्पारण जिल्लाको बागा गाउँमा माओवादीले प्रशिक्षण केन्द्र सञ्चालन गरेका थिए (साउथ एसिया टेररिजम पोर्टल सन् २००१) । पहाडी भूगोलमा प्रशिक्षण केन्द्र सञ्चालन गर्न जति सजिलो थियो, तराईमा भू-बनोटका कारण त्यति नै गाह्रो थियो । तर खुला सीमा उपलब्ध भएकोले सीमा नजिकको भारतीय भू-भागमा प्रशिक्षण केन्द्र चलाउन सम्भव भयो । उक्त समय माओवादीले लुकेर मात्र आफ्ना गतिविधि सञ्चालन गर्न सक्थे नत्र सुरक्षा निकायबाट समातिने वा मारिने डर हुन्थ्यो । त्यसैले उनीहरू नेपालभित्र भूमिगत कार्य गर्थे वा कतिपय अवस्थामा भारतमा आफ्ना कार्यलाई निरन्तरता दिन्थे ।

नेपाली राजनीतिक इतिहासमा खुला सीमा राजनीतिक गतिविधिका लागि धेरै किसिमले उपयोगी हुँदै आएको छ । अप्ठेरो राजनीतिक स्थितिमा भारत पस्ने, भूमिगत राजनीतिक क्रियाकलाप गर्ने, हातहतियार आयात गर्ने, भारतीय राजनीतिक दल एवं आन्दोलनकारीसँग सहकार्य गर्ने जस्ता गतिविधिले संकटकालीन समयमा सीमा क्षेत्रमा झन् तीव्रता पाउने गरेका छन् । पहिलेका राजनीतिक संघर्षमा सीमाक्षेत्र यस हिसाबले महत्त्वपूर्ण भए कि ती दलहरू देशको सीमाभित्र वर्जित थिए । त्यसैले उनीहरू सीमापारि आश्रित भएर सीमावारि संघर्ष गर्थे । साथै, सीमा क्षेत्रमा भएका ती राजनीतिक परिचालनको उद्देश्य मूलतः राष्ट्रिय राजनीतिक परिवर्तनप्रति लक्षित थियो ।

तर, मधेशी मोर्चाले नाकामा धर्ना दिने स्थिति मधेशी दलहरूलाई नेपालमा प्रतिबन्धित गरिएका कारण उत्पन्न भएको थिएन । सो आन्दोलन मधेशका जनताको अधिकार सुनिश्चित गर्ने संघर्ष थियो । त्यसैले तराई केन्द्रित गतिविधि हुनु स्वाभाविक थियो । तराई केन्द्रित प्रर्दशनलाई निरन्तरता दिने क्रममा केन्द्रमाथि थप दबाब दिन आन्दोलन राजमार्ग

र सदरमुकामबाट सीमा-नाकातर्फ सारियो । सीमा वरिपरि हुने अघिल्ला राजनीतिक गतिविधिमा सीमालाई सहजता प्रदान गर्ने माध्यम बनाइएको थियो जहाँ कतिपय अवस्थामा आन्दोलनकारीहरू सीमापारि बस्ने वा शरण लिने गर्थे । पछिल्लो मधेश आन्दोलनमा भने आन्दोलनकारीले सीमालाई आन्दोलनको रणनीतिक हतियार बनाए । मूलतः आन्दोलनको नेतृत्व सीमावारि बसेर नै गरिएको भए पनि नाकामा दिइएको धर्नाले भारतबाट आउने इन्धन लगायत अत्यावश्यक आपूर्ति ठप्प हुन्छ, जसको परिणाम काठमाडौँमा संकट आएसँगै आफ्नो मागप्रति लचक हुन काठमाडौँ केन्द्रित राजनीतिक शक्ति अलि लचिलो हुनसक्छ भन्ने आन्दोलनकारीको बुझाइ थियो ।

## *सीमाको रणनीतिक प्रयोग*

सामान्यतः कुनै पनि आन्दोलन असन्तुष्ट पक्षले आफ्ना मागको सुनुवाइ सरकार वा निर्णायक तहमा बसेका शक्तिशालीले गर्नुपर्छ भन्ने अपेक्षाले सञ्चालन गर्छन् । त्यस्तै, सत्ताका बागडोर सम्हाल्नेले आन्दोलनलाई आफ्नो विरोधी भनी दबाउने कोशिश गर्छन् । यसै परिवेशमा कतिपय अवस्थामा आन्दोलनमा हिंसा हुन्छ । आन्दोलनकारीको ज्यान जान्छ । हिंसासँगै शुरू हुन्छ, सामाजिक, राजनीतिक, मानवीय, आदि संकट ।

पहिचानलाई मुख्य सवाल बनाएर भएका विभिन्न समूहका आन्दोलनमध्ये मधेश आन्दोलन एक हो । नेपालको इतिहासका विविध कालखण्डमा मधेशीहरू विभिन्न माग राख्दै राज्यविरुद्ध आन्दोलित हुँदैआएका छन् । वि.सं. २००८ मा सिरहाका वेदानन्द झाले गठन गरेको नेपाल तराई काँग्रेसले पहिलो पटक नेपालमा संगठित रूपमा मधेशी सवाललाई उठाएको थियो । सो दलले तराईलाई स्वायत्त राज्यको दर्जा दिनु पर्ने, हिन्दी भाषालाई राष्ट्रिय भाषाको मान्यता दिनुपर्ने र तराईवासी सबैका लागि निजामती सेवामा समुचित अनुपातमा प्रवेशको व्यवस्था सुरक्षित हुनुपर्ने माग राख्दै संघर्ष शुरू गरेको थियो (मिश्र २०६४क : ३७–५८) । पहिचान, सरकारी क्षेत्रमा रोजगारीको अवसर वा राज्यको स्रोतमा पहुँच र राजनीतिक प्रतिनिधित्व, आदि माग उठाउँदै सर्वप्रथम २०१३ सालमा मधेश आन्दोलन शुरू भयो (गेज सन् १९७५ : १०९) । पहिलो संगठित मधेश आन्दोलनको मुख्य एजेण्डा तराईवासीमाथि भएको विभेद र शोषणको अन्त्य गर्नु थियो (गोइत सन् २००७) । “मधेशी जनताले पटक-पटक गर्दैआएका संघर्षको आधारभूत पक्ष भनेको उनीहरूको पहिचान हो र नेपाली समाज एवं राज्यले त्यो पहिचानलाई मान्यता देओस् भन्ने अपेक्षा हो” (गौतम सन् २००८ : ११) ।

मधेश केन्द्रित मुद्दालाई लिएर भएका अघिल्ला प्रदर्शन, धर्ना र आन्दोलनका अन्य कार्यक्रम मधेशका सदरमुकाम र राजमार्ग वरपर सञ्चालन हुन्थ्यो । पछिल्लो समय (वि.सं. २०७२) मा भने आन्दोलनको प्रमुख स्थल नेपाल-भारत सीमा हुन पुग्यो । मधेशी

राजनीतिको ७० वर्ष लामो इतिहासमा यो पहिलो सीमा केन्द्रित धर्ना र प्रदर्शन थियो । पछिल्लो मधेश आन्दोलन नाका अवरुद्धको "रणनीति" बनाएर कसरी अघि बढ्यो भन्ने जान्न केही पृष्ठभूमि हेर्नुपर्ने हुन्छ । मधेश आन्दोलन २०७२ को मुख्य चरित्र शान्तिपूर्ण विरोध कार्यक्रम सञ्चालन गर्नु थियो । मुख्यतः शान्तिपूर्ण भनिएको आन्दोलनमा तत्कालीन सरकारबाट आन्दोलनकारीप्रति हिंसात्मक दमन भयो (एम्नेष्टी इन्टरनेशनल सन् २०१६; एनएचआरसी सन् २०१५) । आन्दोलनको प्रकृति ठूला सभा गर्ने, नारा जुलुस गर्ने, धर्ना दिने र बजार बन्द गर्ने रह्यो । यद्यपि, आन्दोलनकै क्रममा आन्दोलनकारीबाट समेत तोडफोड, ढुंगामुढा प्रहारका घटना पर्याप्त भए (कान्तिपुर २०७२क) ।

आन्दोलनमा सीमाको रणनीतिक प्रयोगको आवश्यकतालाई दुई ओटा उदाहरणबाट विश्लेषण गर्न सकिन्छ । पहिलो, आन्दोलन क्रममा टीकापुर र वीरगञ्ज जस्ता स्थानमा हिंसात्मक घटना भए । दोस्रो, आन्दोलनरत मधेशी मोर्चा र सरकार एवं तीन ठूला दलबीच पटक-पटक केन्द्रमा वार्ता भए पनि मधेशको माग सम्बोधनमा सरकार र ठूला दल उदास देखिए । वि.सं. २०७२ मा जारी संविधान विभेदकारी रहेको भन्दै सीमान्तकृत समूह मुख्यतः थारू, मधेशी र जनजातिले विरोध गरे । विरोध प्रदर्शनको क्रममा सरकार पक्षबाट हिंसात्मक दमन भयो भने आन्दोलनकारीले प्रतिकारमा हिंसाकै सहारा लिए । भदौ ७ मा कैलालीको टीकापुर हिंसा-प्रतिहिंसाको महत्त्वपूर्ण उदाहरण बन्यो । त्यस्तै, वीरगञ्जमा पनि हिंसा भड्कियो । तराईका विभिन्न भागमा करिब ४० दिन चलेका प्रदर्शनमा ४० भन्दा बढी मानिसको ज्यान गुम्यो ।

एकातर्फ हिंसात्मक भिडन्त बढ्ने अर्कोतर्फ वार्ता नहुने स्थितिले आन्दोलनमा असुरक्षा बढ्दै गयो । प्रारम्भमा आन्दोलनको स्वरूप मूलतः राजमार्ग केन्द्रित थियो । तर राजमार्ग निरन्तर रूपमा अवरुद्ध गर्दा समेत मधेशी मोर्चाले सोचेजस्तो परिणाम आउन सकिरहेको थिएन । झन्-झन् असुरक्षा बढिरहेको थियो । त्यसैले मधेश आन्दोलनको स्वरूप र स्थानको प्रयोगमा परिवर्तन गर्दै सीमामा धर्ना केन्द्रित भयो । आन्दोलनकारीका अनुसार दशगजामा दुवै देशका प्रहरीले बल प्रयोग गर्न नमिल्ने भएकाले मोर्चाका कार्यकर्ताका लागि सीमा वरिपरिको स्थल सुरक्षित स्थान बन्यो (कान्तिपुर २०७२ख) । यस्तो छनोट एकातर्फ आन्दोलकारीहरूलाई रणनीतिक हिसाबले भौतिक सुरक्षा प्रदान गर्न महत्त्वपूर्ण रह्यो । अर्कोतर्फ, प्रायः दैनिक उपभोगका सामग्री एवं इन्धन आपूर्ति भारतबाट खुला सीमा हुँदै आउने भएकोले नाका केन्द्रित धर्नाले अवरोध गर्न पनि सघाउने ठानियो । अवरोध सफल भएमा त्यसबाट काठमाडौँमा उत्पन्न हुने संकटका कारण सरकार र तीन ठूला दल आफ्ना माग सम्बोधन गर्न बाध्य हुने मधेशी मोर्चाको बुझाइ थियो । त्यसैले तिनले सीमा-नाका केन्द्रित धर्नाको रणनीति अवलम्बन गरेको देखिन्छ । तर आन्दोलनमा व्यापक जनसमर्थन हुँदा र नाका केन्द्रित धर्ना निरन्तर जारी रहँदा समेत आन्दोलनरत् पक्षले अपेक्षा

गरेजस्तो प्रतिक्रिया भएन। प्रदर्शनका क्रममा राज्यतर्फबाट हिंसात्मक दमनको शृंखला कायम रह्यो र आपूर्तिका वैकल्पिक मार्ग पनि उपलब्ध हुन थाले। त्यसै क्रममा कालाबजारीले पनि प्रश्रय पायो। विरोध प्रदर्शन र हिंसाकै बीचमा असोज ३ गते सरकारले नेपालको संविधान २०७२ जारी गऱ्यो। त्यसको तीन दिनपछि भारतले नेपालमाथि नाकाबन्दी लगायो। यस्तो परिस्थितिमा नाका केन्द्रित विरोध प्रदर्शनले झन् तीव्रता लियो। मधेशी मोर्चाका नेता महन्थ ठाकुर बताउँछन्, "काठमाडौँले मधेशको आवाज सुन्न नचाहेकोले अन्तिम विकल्पको रूपमा 'नो-म्यान्स-लेन्ड' लाई रोजिएको थियो" (कान्तिपुर २०७२ग)। अन्तिम विकल्पलाई समर्थन गर्दै अधिवक्ता दिपेन्द्र झा लेख्छन्, "मधेशी आन्दोलनकारीहरू नाकामा नबस्दासम्म छाती र टाउकोमा गोली प्रहार भयो जसले गर्दा उनीहरू सदरमुकाम केन्द्रित आन्दोलन छोड्न बाध्य भए" (झा २०७३)। शान्तिपूर्ण आन्दोलन गरिरहेका मधेशी जनतामाथि राज्यले गोली बर्साउन थालेपछि नै आन्दोलन सीमा-नाका केन्द्रित हुन पुग्यो। यसै सन्दर्भलाई सुजित महतले यसरी वर्णन गरेका छन्, "एकचोटी जब गोली चल्यो, वीरगञ्ज तात्यो। तातेपछि गोली चल्दै गयो, आन्दोलित हुँदै गए। वीरगञ्जले पूर्वतिरको मधेशलाई पनि ततायो। पुलिसले हानेको गोली टाउकैमा लागेको थाहा पाएपछि गाउँगाउँका मधेशी सहरमा ओइरिन थाले" (महत २०७२क )। हिंसाले प्रश्रय पाउँदा संवादका विकल्पहरूलाई सरकारले प्रायः बन्दै गऱ्यो। आन्दोलनकारी दक्षिणी नाका केन्द्रित हुने कारणबारे चन्द्रकिशोर लेख्छन्, "आन्दोलन यतिखेर दक्षिणी सीमा नाकामा पुगेको छ। त्यहाँ पुग्नु आन्दोलनकारीहरूको छनोट होइन। त्यो त सरकारले शान्तिपूर्ण आम हड्ताल र जनप्रदर्शन लामो समयसम्म गर्दा पनि नसुन्नुको विकल्प हो। सीमा नाका अवरुद्ध गरेपछि राज्यले सुन्छ भन्ने बुझाइले काम गरेको हो" (चन्द्रकिशोर २०७२)।

आन्दोलनलाई नजिकबाट अवलोकन गरेका पत्रकार र आन्दोलनकारीहरूको बुझाइमा तत्कालीन समयमा राज्यको दमन र हिंसाबाट बच्न र केन्द्रलाई थप दबाब दिने बाध्यकारी स्थितिको सिर्जना गर्न आन्दोलनकारीहरू सीमातर्फ केन्द्रित भए। मधेशी र थारू आन्दोलनकारीमाथि सरकारले गरेको दमन, उदाहरणका लागि, उही समयमा हिन्दू राष्ट्रको माग गर्दै काठमाडौँमा भएका प्रदर्शनमा हुँदैन थियो। काठमाडौँमा पानीको फोहराले आन्दोलन निस्तेज पार्न खोजिन्थ्यो भने मधेशी र थारूले गरेका प्रदर्शनमा गोली प्रहार हुन्थ्यो। त्यस्तै, अखण्ड कर्णालीको माग गर्दै भएका आन्दोलनको प्रारम्भिक दिनमा हिंसाको प्रयोग भए पनि राज्यबाट वार्ता बेगर नै त्यसलाई सम्बोधन गरियो। तर प्रस्तावित संघीय प्रदेशको सिमाना हेरफेर हुनुपर्ने मधेशी र थारूको उस्तै मागलाई राज्यले सम्बोधन गर्ने तत्परता देखाएन। राज्यको यस्तो विभेदपूर्ण नीतिले मधेशी जनतालाई थप आन्दोलित हुन उत्प्रेरित गरिरह्यो।

## सीमा चिन्तनका आयाम

यस खण्डमा खुला सीमाबारे विविध पक्षको बुझाइलाई समेट्न खोजिएको छ । खुला सीमाबारे प्रचलित बुझाइले मुख्यत दुई किसिमका अवधारणालाई अघि सारेको पाइन्छ । पहिलो, खुला सीमाले दुई देश बीचको समानता, सामाजिक र सांस्कृतिक निकटता एवं रोटी-बेटीको सम्बन्धलाई प्रस्ट्याउँदै आएको छ । यस बुझाइले खुला सीमाकै कारण सीमावर्ती क्षेत्रका बासिन्दाको सहज आवत-जावत, दैनिक उपभोग्य सामग्रीको सहज उपलब्धता र सीमा क्षेत्रको गतिशीलतालाई पक्षपोषण गर्छ । यस बुझाइले नेपाल-भारत बीचको सम्बन्धलाई विशिष्ट किसिमले हेर्छ । दोस्रो, खुला सीमालाई विभिन्न समस्याको स्रोत मानिँदै आएको छ । यस अवधारणाले नेपाल-भारत बीचको खुला सीमाले दुई देशको सार्वभौमिकता निर्धारण गर्न सुरक्षालाई केन्द्रमा राख्छ । नेपालभन्दा भौगोलिक रूपमा कैयौँ गुणा ठूलो भारतले खुला सीमाकै कारण कतिपय स्थितिमा सीमा मिच्नेदेखि नेपालमा हुने राजनीतिक, आर्थिक एवं कूटनीतिक निर्णयमा हावी हुने गरेको बुझाइ छ । आफ्नो सुरक्षाको बहानामा नेपाल र अन्य छिमेकी देशहरूप्रति भारतले गर्ने व्यवहारलाई डेभिड गेल्नर (सन् २०१३) ले "पेटर्नालिस्टिक एटिच्युड" भनेका छन् । भारतको यस्तो प्रवृत्तिले गर्दा नेपाली राष्ट्रियताको एउटा सशक्त पक्ष भारत विरोधी भावनाको जगमा निर्माण भएको छ । यो लेखले समेटेको संकटकालीन समयमा यस्तो राष्ट्रवाद अझ बढी प्रखर भएर सर्वत्र छाएको थियो । खुला सीमा वरिपरि निर्माण भएका यी भिन्न बुझाइले सीमा केन्द्रित मधेश आन्दोलनको पक्ष-विपक्षमा ठूलै प्रभाव पाऱ्यो ।

भारत सँगको सम्बन्धलाई लिएर सधैँ चिसोपनाको आभाष गरिरहने अधिकांशले नाकाबन्दीको समयमा भारत विरोधी भावनालाई भारत सँगको परनिर्भरतासँग जोडेर त्यस्तो स्थितिको अन्त्य गर्नुपर्ने विचार राखे (अधिकारी २०७२) । त्यसताका पत्रपत्रिका र सामाजिक सञ्जाल (फेसबुक र ट्वीटर) मा भारत सँगको परनिर्भरता अन्त्य हुनुपर्ने अभिव्यक्ति बढ्दै गर्दा नेपाली राष्ट्रियताका लहरहरू उर्लिए (गजुरेल २०७२) । यसै सन्दर्भमा उत्तरी छिमेकी चीन सँगको सम्बन्धलाई अझ महत्त्व दिइनुपर्ने र उत्तरी सीमाहरू खोलिनुपर्ने मागले व्यापकता पायो (ढुङ्गेल २०७२) । चीनसँग जोडिएका नाकाहरू खोल्न आवश्यक भए पनि भारतको विकल्प चीन भन्ने आवाज जुन मुखर भइरहेको थियो (कान्तिपुर २०७२घ), त्यसलाई पूर्ण विकल्पको रूपमा हेरिनु हुन्न भन्ने मान्यता पनि उत्तिकै थियो (बास्कोटा २०७२) ।

संकटकालीन अवस्थामा सीमा बारेका बहसमा अन्य पक्षभन्दा आपूर्तिको द्वारलाई सुनिश्चित गर्नुपर्ने पक्ष प्रधान थियो । मधेश आन्दोलनमा भएको सीमाको प्रयोग र सँगै भएको भारतीय नाकाबन्दीले गर्दा आपूर्तिको सवाल नेपालको भूराजनीतिक चासोको केन्द्रमा छायो । भारतीय नाकाबन्दी र आपूर्तिको सवाल यति मुखर बनेर आयो कि मधेशी मोर्चाको आन्दोलन, नाका केन्द्रित धर्ना गर्नुपर्ने बाध्यता ओझेलमा परे । परिणाम, सार्थक वार्ताका

लागि न वातावरण बन्यो, न काठमाडौँमा वार्ताको आवश्यकताले प्राथमिकता पायो। अतः केन्द्रीय कल्पनामा आपूर्तिद्वार र भूराजनीतिक समस्याको रूपमा सीमा चित्रित भयो।

सीमावासीका राजनीतिक मुद्दा ओझेलमा परेसँगै उनीहरूको सीमाबारे बुझाइले पनि प्राथमिकता पाएन। उदाहरणका लागि, सीमा क्षेत्रका स्थानीयले वारिपारि हुने गरेको रोटी-बेटीको सम्बन्धका कारण उनीहरूका सन्तानले नागरिकता पाउन कष्ट भोगिरहेकोले नागरिकताको प्रावधानलाई अन्तरिम संविधान अनुरूप नै राख्न माग गरे। तर सीमाबारे भूराजनीतिक सुरक्षाको दृष्टिकोण र भारत विरोधी नेपाली राष्ट्रवाद हावी हुँदा स्थानीयको बुझाइले ठाउँ पाएन। उल्टै सीमावासीको निष्ठामा प्रश्न उठाउँदै उनीहरूलाई भारतपरस्त समूहको रूपमा चित्रण गरियो।

## *आपूर्तिको द्वार*

राष्ट्रिय पत्रपत्रिकाले सीमालाई अत्यावश्यक सामग्री आपूर्ति गर्ने माध्यमको रूपमा बढी स्थापित गरे। भारतीय नाकाबन्दीका कारण नेपालमा मच्चिएको हाहाकारमा इन्धनको आपूर्ति सबैभन्दा बढी चासो र चिन्ताको विषय बन्यो। भारतले तेल नदिएको अवस्थामा "कहिले साइकल चढ्ने त कहिले सजीवनको तेलबाट गाडी कुदाएर आत्मनिर्भर बनिहाल्ने" लहडले चर्चा पाए (भट्टराई २०७२)। इन्धन केन्द्रित सामग्रीको मात्रा सञ्चार जगतमा यसरी छायो कि धेरैका लागि सीमा भनेको इन्धन आयात गर्ने बाटो मात्र हो जस्तै देखियो। तथापि, वास्तविकता त्यतिमा मात्र सीमित थिएन। खुला सीमामा अवरोध आउँदा नेपालको भूराजनीतिक पक्षहरूले बढी प्राथमिकता पाए पनि वास्तवमा सीमावर्ती क्षेत्रका बासिन्दाको जीवनयापन पनि उत्तिकै प्रभावित थियो।

आपूर्ति ठप्प पारेर राज्यलाई गलाउन आन्दोलनकारी दिनरात धर्ना बसे (कान्तिपुर २०७२ङ)। नाकामा भएको अवरोधले अत्यावश्यक सामग्रीको आपूर्तिमा भएको समस्यालाई चित्रण गर्दै त्यस क्षेत्रमा अलपत्र परेका कन्टेनरबारे पत्रपत्रिकामा सामग्री छापिए (अन्नपूर्ण पोष्ट २०७२ग)। आवश्यक सामग्रीको अभावले मानव संकट निम्त्याउने विषयमा पनि धेरै चासो देखियो। उदाहरणका लागि :

> नेपालसँग जोडिएका सबै नाकाहरूमा भारतले लगाएको नाकाबन्दी र वीरगञ्जको दशगजा क्षेत्रमा मधेश केन्द्रित दलहरूले जारी राखेको धर्नाका कारण तराई पहाड लगायत मुलुकका सबै क्षेत्रका बासिन्दा प्रभावित भएका छन्। नाकाबन्दीका कारण देशभरि खाना पकाउने ग्यास, पेट्रोल, डिजल, जस्ता इन्धनको मात्र अभाव भएको छैन, खाने तेल, चामल, दाल, गेडागुडी जस्ता दैनिक उपभोग्य वस्तुहरूको उपलब्धता समेत सीमित हुन थालेका छन्। (कान्तिपुर २०७२च : ६)

सीमा क्षेत्रको समस्याले विभिन्न सामग्रीको आयात ठप्प हुँदा भएको आर्थिक नोक्सानी व्यापक चर्चाको विषय बन्यो (कान्तिपुर २०७२छ) । भारतबाट हुने आपूर्तिको विकल्प चीन बनाइनुपर्ने भन्दै प्रशस्तै आवाज उठे । चीनसँग जोडिएका नाकाहरू खोलिनुपर्ने चर्चाबारे एक दृष्टान्त यस्तो छ :

> भारतले लगाएको आर्थिक र व्यापारिक नाकाबन्दीका कारण पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य सामग्रीहरूको समेत अभाव चर्कन थालेपछि सरकारले ढिलो गरी विकल्प खोज्न थालेको छ । अहिलेको नाकाबन्दीबाट पाठ सिक्ने र आपूर्ति व्यवस्थाको विविधीकरण गर्ने हो भने चीन लगायत अन्य विकल्प पहिल्याउने तर्फ स्थायी बन्दोबस्त मिलाउनुपर्ने हुन्छ । (कान्तिपुर २०७२ज : ६)

संकटकालीन समयमा अत्यावश्यक सामग्रीको अभाव रहेका कारण तिब्बत जोड्ने उत्तरी नाका खोल्नुपर्ने भन्दै जोडदार आवाज उठे ।[1] भौगोलिक रूपले भारत चीनभन्दा आपूर्तिका लागि धेरै तरिकाले सहज छ । तर भारत सँगको परनिर्भरता हटाउन र भारतले पटक-पटक नेपालमाथि लगाउँदै आएको नाकाबन्दीबाट पाठ सिक्दै उत्तरी नाकाहरू पनि खोलिनुपर्ने कुरा सर्वस्वीकार्य देखियो । उत्तरी नाका खोल्न गरिएका प्रयासबारे चर्चा पनि धेरै भए (अन्नपूर्ण पोष्ट २०७२घ) । आपूर्तिमा सहजतासँगै उठेको नेपाल-भारत र नेपाल-चीन सीमाको विश्लेषणले नेपालको भूराजनीतिक सवाललाई संकटकालीन समयमा अन्य समयको तुलनामा जोडदार रूपमा उठायो । त्यसताका भारत विरोधी भावनाको आडमा चीन सँगको सम्बन्ध विस्तारका आधार अघि सारिएको पाइन्छ ।

### *बुझाइमा भिन्नता*

तत्कालीन प्रधानमन्त्री केपी ओलीले “तराईका केही नेताहरू आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न नेपाल-भारत सम्बन्ध बिगार्ने प्रयासमा लागेको र त्यो कदापि पूरा नहुने” भनेका थिए । “जारी संविधान ९० प्रतिशतको सहभागिता र ८५ प्रतिशतको समर्थनमा बनेको र नाका ठप्प पार्ने र इन्धन आपूर्ति हुन नदिएर चुलो बाल्न नदिने कार्य आन्दोलन हुन नसक्ने” अभिव्यक्ति उनले दिए (अन्नपूर्ण पोष्ट २०७२ङ) । प्रधानमन्त्रीले मधेश आन्दोलनबारे त्यस्तो धारणा राखिरहँदा आन्दोलनरत् दलका नेता महन्थ ठाकुरले प्रतिउत्तरमा भने, “मैले भन्दैमा तराईमा नाकाबन्दी हट्दैन, त्यसका लागि राज्यले मधेश र मधेशीलाई नेपाली देख्नुपर्‍यो,

[1] नेपाललाई चीनसँग व्यापारिक रूपमा जोड्ने मुख्य नाका तातोपानी पनि वैशाख १२, २०७२ को भूकम्पका कारण ठाउँठाउँमा गएको पहिरोले गर्दा बन्द भएको थियो । यो बाहेक अन्य नाकाहरू त्यति धेरै सुचारु थिएनन् ।

नेपाल र नेपालीका लागि संविधान जारी गर्नुपऱ्यो; राज्यले मधेश र थारूमाथि गरेको विभेदयुक्त खेलवाडको परिणाम नाकाबन्दी हो" (ठाकुर २०७२) । तत्कालीन अर्थमन्त्री रामशरण महतले "मधेशको आन्दोलनको कुनै एजेण्डा नभएको र मधेशी जनताले पनि आन्दोलन नचाहेको र केही व्यक्तिको स्वार्थमा डर र त्रासले मात्रै मधेशी जनता आन्दोलनमा होमिएको" भने (कान्तिपुर २०७२झ) । तर, आन्दोलन शुरू भएदेखि नै सीमामा आन्दोलन र धर्नामा सहभागी मधेशीहरूले जारी आन्दोलन आफूमाथि राज्यले गरेको विभेद विरुद्ध भएको बताइरहे । मधेश आन्दोलनको शुरूआत, आवश्यकता र औचित्यबारे मधेशी मोर्चाका एक नेता वृषेशचन्द्र लाल लेख्छन् :

> शासक समूहले "ग्र्यान्ड डिजाइन" तहत पक्ष-विपक्ष दुवैतिरको नेतृत्व नियन्त्रणमा लिई १६ सुत्रीय सम्झौता मार्फत सीमान्तकृत समूहको संघर्ष निस्तेज गर्न हरसम्भव कोशिश गऱ्यो । यस्तो अवस्थामा विखण्डन र साम्प्रदायिकताको निराधार आरोपलाई चिर्दै संघर्ष बाहेकको कुनै विकल्प थिएन । सहमतीय प्रक्रियालाई निमोठेर अगाडि सारिएको गणितीय प्रक्रियाबाट अलग भई सडक केन्द्रित संघर्षमा तत्कालै जानु बाध्यता भयो । कडा विरोधका बाबजुद बलजफ्ती जारी गरिएको संविधानलाई पूर्णतः अस्वीकार गर्नुका अलावा कुनै बाटो थिएन । सत्तासीनहरूले पर्खिन सम्मको स्थिति नराखी भित्तासम्म पुऱ्याइदिएको हुँदा कडा संघर्षमा उत्रनु बाध्यता भएर आयो । (२०७२ : ६)

अन्य मधेशी नेताले पनि आन्दोलन मधेशका नागरिकलाई वास्तविक नागरिक नमान्ने र उनीहरूको आस्थामाथि सधैँ प्रश्न गर्ने चलन विरुद्धको आन्दोलन भएको बताए । काठमाडौँले भारतीय नाकाबन्दी भनिरहे पनि आन्दोलनरत् पक्षले संकटकालीन स्थितिलाई नाकाबन्दी भन्न नमिल्ने बताइरहे । तर काठमाडौँले सीमा-नाका केन्द्रित धर्ना भारतद्वारा निर्देशित कार्य भएको र संविधान संशोधन गरेर मधेशका मुद्दा सम्बोधन गर्नु भनेको भारतसामु झुक्नु हो भनेर बुझ्यो (शर्मा २०७२) ।

माथि भनिसकिएझैँ सीमा प्रयोग नेपालको राजनीतिक इतिहासमा नौलो होइन । तर यसपटक मधेशी मोर्चाले नाका धर्ना जसरी गरे त्यो पहिलेको भन्दा भिन्न थियो । मधेशवादी दलले नाकामा गरेको धर्ना र केन्द्रीय स्तरबाट भएको विरोधबारे सीके लालले भनेका छन् :

> काँग्रेसले भारतमा बसेर पञ्चायत विरुद्ध सशस्त्र संघर्ष गऱ्यो । माओवादीले दशक लामो सशस्त्र संघर्ष गऱ्यो, उतैबाट हतियार भित्र्यायो, तालिम पनि लियो तर मधेश आन्दोलनका क्रममा सीमापारिबाट ढुंगा हानिएको, पारि धर्नाकारीका लागि मेस सञ्चालन गरिएको कुरा तीभन्दा ठूलो "घात" भन्ने मानसिकता हावी छ । "इतिहासदेखिका यस्ता घटना केलाउन सक्ने मधेशी गाउँगाँउमा तयार भएसके" । (महत २०७२ख : ७ मा उद्धृत)

नेपालका स्थापित पार्टीले आ-आफ्ना विगतका आन्दोलनलाई सफल पार्न दक्षिणी सीमालाई माध्यम बनाएर गरिएको प्रयोगलाई मधेश आन्दोलनको सन्दर्भमा नकारेको देखिन्छ । मधेश आन्दोलनमा भएको नाका केन्द्रित धर्नालाई केन्द्रीय पार्टीका नेताहरूद्वारा आलोचना गरिरहँदा केन्द्रका नेता र आन्दोलनकारीले सीमालाई आफ्नो स्वार्थ अनुकूल व्याख्या गरेको पाइन्छ । कतिपय अवस्थामा सीमा बारेको बुझाइलाई संकुचित र जटिल पनि बनाइएको पाइन्छ ।

## *सीमा क्षेत्रका जनताको बुझाइ*

सीमा-नाकामा धर्ना बसेका जनता "शुद्ध नेपाली जनता" नभएको संकथनलाई काठमाडौँले जोड दिएको छ । सीमामा बसेर संविधानको विरोध गर्ने धर्नाकारी "नेपाली मन नभएका" र मुलुकलाई अराजकतातिर धकेलेर छिमेकीलाई घर भित्र्याउने खेलमा मधेशीहरूले आफ्नो अधिकारको प्रयोग गरेको अभिव्यक्तिले प्राथमिकता पायो (आचार्य २०७२) । यस्तो कार्यले नेपाली समाजलाई थप द्वन्द्वतिर धकेल्छ भनियो । तर नाका केन्द्रित आन्दोलनबाट सिर्जित संकटले सीमा क्षेत्रका मधेशीहरूको जीवन उत्तिकै प्रभावित थियो । अझ लामो समयको बन्द-हड्तालपछि नाकाबन्दी भएकोले त्यसले सीमावर्ती मधेशको जनजीवनलाई जर्जर बनाएको थियो (कान्तिपुर २०७२ञ) । त्यसमा पनि गरिखाने वर्गको दिनचर्या धेरै कष्टपूर्ण रह्यो । सामान्य रिक्सा चालक देवनारायण सरदारको "हामी गरिखाने वर्गलाई धेरै समस्या छ, कसले के गरेर हुन्छ हामीलाई बाँच्न दिनु पऱ्यो" (कान्तिपुर २०७२ट) भनाइले सीमावर्ती आम मजदूरका पीडालाई प्रतिनिधित्व गर्छ । यद्यपि, राष्ट्रियस्तरका पत्रपत्रिकामा जुन अनुपातमा काठमाडौँले भोगेको कठिनाइले चर्चा पायो त्यसको तुलनामा सीमाक्षेत्रका सर्वसाधारणले भोगेको समस्या गौण मानियो । उनीहरूले उठाउँदै आएका आवाज ओझेलमा परे । यसले नेपाली समाजमा विद्यमान पहाड-मधेश बीचको खाडललाई अझै गहिरो बनाउने काम गऱ्यो ।

सीमावर्ती क्षेत्रमा देखिएको असहजताले सीमा क्षेत्र, स्थानीय जनता र स्वयं आन्दोलनका सहभागी जनताको दैनिक जीवनमा के-कस्ता समस्या आए भन्ने विषयले न्यायोचित चासो पाएन । पत्रिकामा छिटपुट सामग्रीले सीमावर्ती जीवनका कठिन दैनिकीलाई स्थान दिए पनि अधिकांश विश्लेषकहरूका भूराजनीति चिन्तनमा तिनले स्थान पाएनन् । नाका केन्द्रित धर्नाको बाध्यतासँगै त्यसले निम्त्याएको समस्या औँल्याउँदै सीमामा बसेका आन्दोलनकारी कृष्ण पटेल भन्छन् :

> एक समूह सुतेको बेला अर्को समूह जाग्राम बसेर नाकाको पहरा दिन्छ । आलोपालो गरी तिनचार घण्टामात्रै हामी सुत्छौँ । आज नाकामा धर्ना बसेको ७३ दिन भइसक्यो,

> अझै सरकारले हाम्रो माग सुनिरहेको छैन । अब त दिक्क लाग्न पनि थालिसक्यो । तर पनि हामीले हरेस खाएका छैनौँ । अहिलेको आन्दोलन अंश र वंशको लडाइँ हो । कष्ट त छ तर मधेशको मुक्ति र सन्ततीको अधिकारका लागि हामी जस्तोसुकै कष्ट सहन तयार छौँ । मधेशको माग पूरा नभएसम्म म यो नाका छाडेर जान्न । (महत २०७२ख)

मधेशी सर्वसाधारणबारे यस्तो मान्यता हावी रह्यो : सीमा-नाकामा धर्ना मधेशका ठूला नेताको उक्साहटमा भएको तर मधेशी जनताले आन्दोलन चाहेका हैनन् (कान्तिपुर २०७२ठ) । तर सीमावर्ती क्षेत्रमा आन्दोलनमा बढ्दो सहभागिताको औचित्यसँगै बाध्यता र पीडा बयान गर्नेमा कृष्ण पटेल मात्रै थिएनन् । लामो समय बितिसक्दा समेत केन्द्रका नेता र स्वयं आन्दोलनकर्ता मधेशी नेताहरूले सीमावर्ती जनताले भोगेको कष्टप्रति बेखबर बनेको र समस्या समाधानका लागि सार्थक पहल नगरेको गुनासो सीमावर्ती बासिन्दा निरज पटेलले यसरी पोखे :

> यति लामो बन्द खुलाउन न त सरकारले तत्परता देखाएको छ न त आन्दोलनरत पक्षले मानवीय पक्षको ख्याल गरेका छन् । नाकाबन्दीले आफ्नै नागरिकलाई कुन हदसम्म पीडा पुऱ्याउँछ भन्ने ख्याल गरिएको छैन । हामी जनता पिल्सिएका छौँ । गत वैशाखको भूकम्पले थलिएको उद्योग व्यापार तंग्रिन नपाउँदै मधेशमा जारी २ महिनाभन्दा बढीको बन्द र २३ दिनको नाकाबन्दीले आर्थिक क्षेत्र धरासायी बनेको छ । (कान्तिपुर २०७२ड : १)

सीमा-नाका धर्नामा भाग लिइरहँदा त्यसको प्रभावले अन्य मानिसको मात्र हैन उनीहरूको दैनिकीमा पनि उत्तिकै प्रभाव परेको आन्दोलनमा संलग्न जनता बताउँथे । मधेश आन्दोलनमा सक्रिय रञ्जीत श्रीवास्तव भन्छन्, "केही दिनमा राजनीतिक रूपले समस्या समाधान हुने सोचेर धर्नामा बसेकालाई सहयोग गरेका थियौ, अहिले हाम्रो रोजीरोटी बन्द भएको छ" (कान्तिपुर २०७२ढ) । आन्दोलन र नाकाबन्दीले सीमावर्ती क्षेत्रमा पारेको प्रभावबारे मोर्चाले थालेको आन्दोलनमा निरन्तर सहभागी हुँदै आएका हरिराम बर्मा भन्छन्, "आन्दोलन गर्न थालेको धेरै भइसक्यो । घरको काम बर्बाद छ । आन्दोलनलाई सरकारले पनि सुनुवाइ गरेको छैन । अबको वार्ता जसरी भए पनि टुंगिने गरी गर्नु पर्छ" (कान्तिपुर २०७२ण : ११) । वार्ताको सम्भावना टरिरहँदा र आन्दोलन लम्बिरहँदा आन्दोलनका प्रवक्ता पशुपतिदयाल मिश्रले भने जस्तै स्थिति रह्यो । मिश्रको भनाइ थियो, "काठमाडौँ मात्र होइन मधेश पनि आन्दोलनले अस्तव्यस्त भइसकेको छ । त्यसैले हामी पनि निकासका पक्षमा छौँ । तर सरकार हाम्रो आन्दोलनलाई तुहाउने नियतले लागेको छ । वार्ताका नाममा झुलाउने प्रयास गरिरहेको छ । समस्याको जड त्यही हो" (कान्तिपुर २०७२त : ५) ।

भारत सँगको खुला सीमा क्षेत्रकै कारण नाकाबन्दी र मधेश आन्दोलनलाई हेर्ने दृष्टिकोण एवं सीमा बारेको बुझाइ भने जटिल बन्दै गयो । परिणाम स्वरूप देशमा संकटकालीन स्थिति लम्बिरह्यो । आन्दोलनमा संलग्न सीमावर्ती जनता भने मधेशी नेतृत्वको सीमित दक्षता, समयानुकुल निर्णय गर्न नसक्ने क्षमताका कारण अलपत्र परेका थिए (झा र खड्का २०७२) । मधेशी नेताहरूले आन्दोलनलाई सही दिशानिर्देश गर्न नसकेको जनाउँदै तुलानारायण साह भन्छन् :

> आन्दोलनका क्रममा एकतर्फ राज्यप्रति आक्रोश छँदै थियो, अर्कोतर्फ प्रधानमन्त्री निर्वाचनमा नेतृत्वले देखाएको रवैयाबाट कार्यकर्तामा नैराश्यता बढाएको छ । यसले गर्दा आन्दोलन अराजक र हिंस्रक हुने सम्भावना बढेर गएको छ । राज्य र मधेशीबीच अपनत्वको सम्बन्ध अन्त्य भएको अवस्थामा मधेशी नेताको कदमले बढाएको नैराश्यताले अराजकतातर्फ नै धकेल्छ । (झा र खड्का २०७२ मा उद्धृत : १०)

वार्ताको स्थिति लम्बिरहँदा समेत व्यापक जनसमर्थन र नाका अवरोधबीच काठमाडौँले संवादको माहोल बनाउन तत्परता देखाउने साथै सरोकारवाला पक्षका माग एक वा अर्को तवरले सम्बोधन हुने अपेक्षा आन्दोलनकारीहरूको थियो । अझ भारतीय नाकाबन्दीले एकातर्फ हिंसाको सिलसिलामा रोक ल्याएको अर्कोतर्फ नाका अवरोध गर्ने कार्यक्रमलाई सहज तुल्याएको बुझाइ आन्दोलनरत् पक्षको थियो । तर काठमाडौँले वार्ता नगरी आन्दोलनलाई गलायो अनि भारतले पनि मधेशी मोर्चासँग समन्वय नगरी आपूर्तिलाई सहज बनायो । नेपालमा भएका धेरै आन्दोलनहरू सफल हुनमा भारतको समर्थन र सहयोग पनि महत्त्वपूर्ण पक्ष मानिन्छ । मधेशवादी दलले पनि भारतको सहयोगको अपेक्षा राखेका थिए । तर भारतले एकपक्षीय हिसाबले नाकाबन्दीको स्थितिको अन्त्य गरेसँगै त्यस्तो सम्भावना तत्काललाई रहेन । भारतको सक्रिय सहयोग नरहेपछि आन्दोलनकारीले सीमा-नाकामा अवरोध गर्ने कार्यक्रमलाई निरन्तरता दिन सकेनन् । आन्दोलन क्रमशः कमजोर हुँदै गयो । नतिजा, काठमाडौँले मधेशी मोर्चालाई वार्तामा बोलाउने सम्भावना पनि रहेन ।

पहिचान र अधिकारको आन्दोलनमा नाकाको रणनीतिक प्रयोग गरेको मधेश आन्दोलन २०७२ ठोस परिवर्तन बिना पाखा लाग्यो । तत्कालीन सरकारको उग्र राष्ट्रवाद र दमनको घानमा पिसिएको मधेश आन्दोलन सीमाको रणनीतिक प्रयोग गरेर पनि सफल हुन सकेन । राजनीतिक इतिहासमा सीमा वरिपरि आश्रित रहेर सफल भएका अन्य राजनीतिक आन्दोलन विपरीत मधेश आन्दोलनले अपेक्षित रूपमा केन्द्रीय शक्ति-सम्बन्धलाई दबाब दिन सकेन । केन्द्रको कल्पनामा स्थापित दक्षिणी सीमाक्षेत्र र त्यहाँका बासिन्दालाई मूलतः "हिन्दीभाषी मधेशी" जनताका रूपमा चित्रित गरियो । अर्थात् "नेपालीभाषी पहाडी" जनताले मधेश आन्दोलनलाई भारत-परस्तको रूपमा हेरे । यस्तो स्थापित विरोधाभासले संकटकालीन

समयलाई लम्ब्याउन मद्दत गऱ्यो र सीमा चिन्तनलाई पहाडी र मधेशी भिन्नता, राष्ट्रवादी-अराष्ट्रवादी, हामी-तिनी, नेपाली-भारतीयजस्ता आवरणमा परिभाषित गर्ने चेष्टा गऱ्यो । फलतः यस विरोधाभासपूर्ण व्याख्याले सीमा बारेको चर्चा वरिपरि यसरी निरन्तरता पायो कि त्यसले नेपाली समाजलाई लामो समयसम्म ध्रुवीकृत गराउने अनुमान गर्न सकिन्छ ।

## निष्कर्ष

नाकाबन्दीको संकटकालीन समयमा मधेश आन्दोलन र भारतीय नाकाबन्दीको पक्षधरतामा विविधता देखियो । एकातर्फ सीमामा भएका धर्ना र नाकाबन्दी पूर्ण रूपमा सही कदम हो भन्ने अभिव्यक्ति आए भने अर्कोतर्फ मधेशवादी दलले नाकामा केन्द्रित गरेको धर्ना "राष्ट्रलाई आघात पुऱ्याउने कदम" (थापा २०७२ : ६) भएको विचार समानान्तर रूपमा प्रस्फुटित भए । सीमाको अवरोध चाहे भारतीय नाकाबन्दीका कारण होस् वा मधेशी आन्दोलनकारीको नाका केन्द्रित धर्नाद्वारा भएको होस्, दुवै प्रत्युत्पादक भएको विचार आयो । तर विगतका आन्दोलनभन्दा फरक मधेशी आन्दोलनकारीले सीमाको प्रयोगलाई आन्दोलनको रणनीति बनाएको विषयमाथि पर्याप्त विश्लेषण भएन ।

सीमा क्षेत्रमा जारी धर्ना र भारतीय नाकाबन्दीको मार स्वयं आन्दोलनकारी र स्थानीय बासिन्दालाई पनि परेको थियो । तर पत्रपत्रिकामा प्रकाशित सामग्रीहरूले सर्वसाधारणका भोगाइ वा सीमाको रणनीतिक प्रयोगबारे खासै केही लेखेनन् । बरु भारतीय नाकाबन्दीको भूमिका र असरबारे पर्याप्त सामग्री छापिए । भूराजनीतिक प्रभावमा मधेशको राजनीतिक र मधेशी मोर्चाको माग झन् ओझेलमा पऱ्यो ।

सीमान्तकृत क्षेत्र भनेर चित्रित तराईको दक्षिणी सीमाको महत्त्वलाई आपूर्तिद्वार भन्ने मुख्य मान्यता नै जोडदार रूपमा उठ्यो । केन्द्रका बहसमा नाकाबन्दी वा संकटकालको स्थिति भनिरहँदा देशमा व्याप्त भूराजनीतिक एवं कूटनीतिक जटिलता अन्तर्गत नेपाल-भारत र नेपाल-चीन सम्बन्धका आधारहरू पहिल्याउने कार्य भए । देशको एउटा ठूलो भूखण्ड र त्यहाँका जनताका आवश्यकता र अधिकारका मागलाई सीमान्त र केन्द्र बीचको दूरी इंगित गर्नपट्टि कम तर राष्ट्रवाद र नेपाल-भारत कूटनीतिका असफल पक्षबारे बढी विश्लेषण गरिए । नाकाबन्दीको संकटकालीन समयमा सीमा आपूर्तिको माध्यम रहेको र सीमा क्षेत्रको सुरक्षामा संकट आए कूटनीतिक र भूराजनीतिक जटिलता आउने, र नेपालको सार्वभौमिकता माथिको हस्तक्षेप हुने बुझाइ काठमाडौँमा हावी रह्यो । सुरक्षा चुनौतीलाई सीमा क्षेत्रमा विद्यमान हिंसा र तस्करीले थप बल पुऱ्याएकोले शान्ति स्थापनाको प्रक्रिया सीमा क्षेत्रमा कमजोर रहेको बुझाइ पनि हावी रह्यो ।

स्थानीय दृष्टिकोण भने चलनचल्तीको बुझाइभन्दा भिन्न रह्यो । सीमा क्षेत्रका जनताका राजनीतिक मागलाई राजनीतिक रूपमा बुझ्ने र विश्लेषण गर्ने कार्य कम भयो । सीमावर्ती

जनताका समस्यालाई मूलधारको समस्यासँगै हेर्ने कार्य पनि खासै भएन । नाकाबन्दीको संकटकालीन समयमा सीमा र त्यहाँका जनताको कल्पनामा फेरि पनि केन्द्र र सीमान्त क्षेत्र बीचको दूरीलाई घटाउने कोशिशभन्दा अझ बढाउने कार्य ज्यादा भयो ।

भारतीय नाकाबन्दीले निम्त्याएको संकटकालीन समयमा सीमाको कल्पनालाई मूलतः चार किसिमले हेर्न सकिन्छ । पहिलो, सीमालाई जीवनयापनको आधार र आपूर्तिको द्वारको रूपमा चित्रण गरिएको छ । सीमालाई आपूर्ति र जीवनयापनको आधार मानेर गरिएका बहसले सीमा क्षेत्रको भूराजनीतिक विशेषता, सम्भाव्यता र प्रकृतिलाई संकुचित दायरामा हेर्छ । दोस्रो, सीमालाई राजनीतिक द्वन्द्वलाई प्रश्रय दिने महत्त्वपूर्ण माध्यमको रूपमा बुझियो । यस्तो बुझाइले सीमा प्रयोगको ऐतिहासिकता र राजनीतिक संघर्षको सापेक्षित विश्लेषण गरेको पाइँदैन । उदारहणका लागि, २०७२ सालको मधेश आन्दोलनले नाकामा धर्ना कसरी राजनीतिक आन्दोलनको रणनीति बन्न गयो भनेर विश्लेषण गरेको पाइँदैन । तेस्रो, संकटकालीन समयमा दक्षिणी सीमासँगै सो क्षेत्रमा बसोबास गर्ने अधिकांश मधेशी जनताको निष्ठालाई राष्ट्रियता र नेपाली हुनुको राष्ट्रिय दायित्वसँग मात्र गाँसेर हेरियो । उक्त व्याख्यामा कुनै पनि सच्चा नेपालीले नाकामा धर्ना दिएर भारतीयहरूको हस्तक्षेपको स्वागत गर्ने कार्य गर्दैन भन्ने मतलाई प्रश्रय दियो । अर्थात् त्यस्तो स्थिति निम्त्याउने मधेशीहरू "भारतीय" हुन् जसले मधेशीका खास मागलाई समेत पाखा लगाउने कार्यलाई बढावा दिए र राष्ट्रियता विरोधी काम गरे । चौथो, उल्लिखित तीनै विश्लेषणले पहाडी राष्ट्रवादलाई मलजल गर्दै "भारतीय" र मधेशी उस्तैउस्तै हुन् भन्ने पहिचानलाई प्राथमिकता दियो । अर्थात् मधेशी दोस्रो दर्जाका नेपाली हुन् भन्ने बुझाइलाई बढावा दिंदै सीमान्तकृत मधेशीलाई राष्ट्रिय संरचनाबाट अलग राखियो । यसले केन्द्र र सीमा बीचको सम्बन्धलाई राजनीतिक, आर्थिक र सांस्कृतिक हिसाबले जोड्नभन्दा दूरी बढाउन मद्दत पुऱ्यायो । परिणाम सांस्कतिक दूरी र राजनीतिक ध्रुवीकरण हिजोभन्दा आज बढेको मानिन्छ । यसले शान्तिपूर्ण लोकतान्त्रिक प्रक्रियालाई सशक्त बनाउने आगामी अभ्यासलाई असर गर्नेछ ।

## आभार

यो लेख लेख्न मलाई उत्प्रेरणा दिने, यसका विभिन्न मस्यौदा पढेर प्रतिक्रिया दिने र अन्तिम मस्यौदा मिहीन रूपमा सम्पादन गरिदिने भास्कर गौतमप्रति आभारी छु । यो लेख मार्टिन चौतारीले सन् २०१७ मा आयोजना गरेको प्राज्ञिक लेखन कार्यशालामा प्रस्तुत गरिएको थियो । सो कार्यशालामा यो लेख पढेर परिमार्जनका लागि टिप्पणी गर्ने मार्टिन चौतारीका प्रत्यूष वन्त लगायत कार्यशालाका सबै सहभागीहरू र मार्टिन चौतारीका सुजित कर्णलाई पनि धन्यवाद छ ।

## सन्दर्भ सामग्री

अधिकारी, रविन्द्र । २०७२ । कसरी बन्ने आत्मनिर्भर ? *कान्तिपुर*, कात्तिक ३०, पृ. ६ ।
अन्नपूर्ण पोष्ट । २०७२क । भारतको चिसो स्वागत । असोज ४, पृ. ३ ।
अन्नपूर्ण पोष्ट । २०७२ख । मधेशीलाई समेट्न मोदीको आग्रह । असोज २, पृ. १ ।
अन्नपूर्ण पोष्ट । २०७२ग । मेची नाकामा रोकिए सयौँ कन्टेनर । असोज १४, पृ. ४ ।
अन्नपूर्ण पोष्ट । २०७२घ । तातोपानी नाका खोल्ने काम तीव्र । असोज १४, पृ. २ ।
अन्नपूर्ण पोष्ट । २०७२ङ । मधेशी नेता भारतसँगको सम्बन्ध बिगार्न उद्यत । असोज ९, पृ. २ ।
आचार्य, सुरेश । २०७२ । संविधान घोषणाले उब्जाएका तरंग । *अन्नपूर्ण पोष्ट*, असोज ११, पृ. ७ ।
कान्तिपुर । २०७२क । वीरगञ्ज र गौरमा झडप । मंसिर ६, पृ. १ ।
कान्तिपुर । २०७२ख । सीमामा विरोध प्रदर्शन । असोज ७, पृ. ११ ।
कान्तिपुर । २०७२ग । आन्दोलनकारीद्वारा भारतीय भूमिको प्रयोग । असोज १३, पृ. ५ ।
कान्तिपुर । २०७२घ । केरुङ नाका सुचारु । कात्तिक ९, पृ. ३ ।
कान्तिपुर । २०७२ङ । दशगजाको दैनिकी । कात्तिक ९, पृ. १ ।
कान्तिपुर । २०७२च । मानवीय संकटको जोखिम । कात्तिक २२, पृ. ६ ।
कान्तिपुर । २०७२छ । बारा पर्सा करिडोरमा ३५ अर्ब नोक्सान । कात्तिक १०, पृ. १० ।
कान्तिपुर । २०७२ज । चीनतर्फको आपूर्ति विकल्प । कात्तिक ९, पृ. ६ ।
कान्तिपुर । २०७२झ । चीनसँग नाकाहरू खोल्न निर्देशन । कात्तिक २५, पृ. १० ।
कान्तिपुर । २०७२ञ । सीमामा विरोध प्रदर्शन । असोज ७, पृ. ११ ।
कान्तिपुर । २०७२ट । सीमावर्ती जनजीवन कष्टपूर्ण । कात्तिक १४, पृ. ५ ।
कान्तिपुर । २०७२ठ । बन्दको व्यथा । असोज १०, पृ. २ ।
कान्तिपुर । २०७२ड । नाकाबन्दीले व्यवसाय धराशायी । असोज ३०, पृ. ११ ।
कान्तिपुर । २०७२ढ । नाकाबन्दीले श्रमिकलाई सास्ती । कात्तिक १३, पृ. ११ ।
कान्तिपुर । २०७२ण । वारि-पारि भागदौडमै बित्छ दिन । असोज २५, पृ. ११ ।
कान्तिपुर । २०७२त । मोर्चा कार्यकर्ता भन्छन् छिटो निकास देऊ । कात्तिक १४, पृ. ५ ।
के.सी., सुरेन्द्र । २०६१ । *नेपालको कूटनीतिक इतिहास* । काठमाडौँ : पैरवी प्रकाशन ।
कोइराला, बीपी । २०५५ । *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृतान्त* । काठमाडौँ : जगदम्बा प्रकाशन ।
गजुरेल, सीपी । २०७२ । आत्मनिर्भर बन्ने बाटो खोजौँ । *कान्तिपुर*, कात्तिक १८, पृ. ६ ।
गौतम, भास्कर । २०६४ । *मधेश विद्रोहको नालीबेली* । काठमाडौँ : मार्टिन चौतारी ।
चन्द्रकिशोर । २०७२ । प्रतिपक्षको राजनीति खोज्दै मधेश । *कान्तिपुर*, असोज २८, पृ. ७ ।

झा, अवधेशकुमार र जितेन्द्र खड्का। २०७२। कता जाँदैछ मधेश आन्दोलन ? *कान्तिपुर*, असोज २८, पृ. १०।
झा, दिपेन्द्र। २०७३। *संविधानमा हाम्रो असन्तुष्टि किन* ? काठमाडौँ : तराई जस्टिस सेन्टर।
ठाकुर, महन्थ। २०७२क। सरकार लचिलो भइदेओस्, हामी सकारात्मक छौँ। *कान्तिपुर*, मंसिर ११, पृ. ७।
ठाकुर, महन्थ। २०७२ख। सीमांकनमा प्रष्ट नभए सहमति हुन्न। *अन्नपूर्ण पोष्ट*, असोज १५, पृ. ३।
ढुङ्गेल, माधव। २०७२। आखाँ उत्तरतर्फ। *अन्नपूर्ण पोष्ट*, पुस ११, पृ. ७।
थापा, बालकृष्ण। २०७२। नेपाल भारत र तराई मधेश। *अन्नपूर्ण पोष्ट*, कात्तिक ६, पृ. ६।
बस्नेत, बसन्त। २०७२। ठोस प्रस्ताव अझै आएन : मधेशी मोर्चा। *कान्तिपुर*, असोज १४, पृ. ७।
बाँस्कोटा, पुरुषोत्तम र निरञ्जन शर्मा। २०५५। *नेपालको राजनैतिक इतिहास (१८४६–१९५१ ई.)*। काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय।
बास्कोटा, युवराज। २०७२। कसरी हुन सक्छ भारतको विकल्प चीन ? *अन्नपूर्ण पोष्ट*, मंसिर ३, पृ. ७।
भट्टराई, देवेन्द्र। २०७२क। ८० अर्ब भारुको 'राजनीति'। *कान्तिपुर*, कात्तिक ११, पृ. ७।
मधेशवाणी। २०७२। मधेश आन्दोलन २०७२ मा ज्यान गुमाएकाहरू। ११(२२) : १। www.madheshvani.com/assets/uploaded/11-22%20issue%20 Madheshvani%20pdf%20(september%2018,%202015).pdf मा उपलब्ध; जनवरी १५, २०१८ मा हेरिएको।
महत, सुजित। २०७२क। किन भड्कियो मधेश ? *अन्नपूर्ण पोष्ट*, मंसिर १९, पृ. ७।
महत, सुजित। २०७२ख। मधेशको गाँठो। *अन्नपूर्ण पोष्ट*, माघ २, पृ. ७।
मिश्र, विजयप्रसाद। २०६४। मधेशी विद्रोहको ऐतिहासिक विवेचना : पूर्वी मधेशको सन्दर्भ। *मधेश विद्रोहको नालीबेली*। भास्कर गौतम, सं., पृ. ३७–५८। काठमाडौँ : मार्टिन चौतारी।
लाल, वृशेषचन्द्र। २०७२। राष्ट्रियता निर्माणको बहस र मधेश। *कान्तिपुर*, माघ ३, पृ. ६।
लाल, सीके। २०७२। अवमाननाले उब्जिएका जटिलता। *नागरिक*, असोज २२, पृ. ६।
शर्मा, मणि। २०७२। नेपाल झुक्नु हुँदैन। *अन्नपूर्ण पोष्ट*, असोज ६, पृ. ७।
शान्ति तथा पुनर्निर्माण मन्त्रालय। २०६८। *नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी घोषणा र निर्णयहरूको संकलन*। काठमाडौँ : शान्ति तथा पुनर्निर्माण मन्त्रालय।

श्रेष्ठ, नारायणकाजी । २०७२ । मधेश आन्दोलनमा भारतको प्रवेश (रेवती सापकोटाले लिएको अन्तवार्ता) । *अन्नपूर्ण पोष्ट*, मंसिर ११, पृ. ७ ।

श्रेष्ठ, हिरण्यलाल । २०२८ । *नेपाल-भारत सम्बन्ध* । काठमाडौँ : हिरण्यलाल श्रेष्ठ ।

Amnesty International Nepal. 2016. *Nepal: Torture and Coerced Confessions*. Available at www.amnesty.org/en/documents/asa31/4456/2016/en/; accessed June 13, 2017.

Baral, Lokraj. 2006. *Oppositional Politics in Nepal*. Lalitpur: Himal Books.

Baral, Lokraj and Uddav Pyakurel. 2015. *Nepal India Open Border: Problems and Prospects.* New Delhi: Vij Books.

Bhattarai, Tek Narayan. 2015. Remembering the 1989 Blockade. *Nepali Times,* October 9–15. Available at http://nepalitimes.com/article/from-nepali-press/Remembering-the-1989-blockade,2651; accessed January 17, 2018.

Gaige, Frederick. 2009. *Regionalism and National Unity in Nepal.* Kathmandu: Social Science Baha.

Gellner, David. 2013. *Borderland Lives in Northern South Asia*. New Delhi: Orient Black Swan.

Ghosh, Shubham 2015. From 1989 Blockade to 2015 Superfast Aid: India's Nepal Policy has Come of Age. Available at www.oneindia.com/feature/from-1989-blockade-to-2015-superfast-aide-india-s-nepal-policy-comes-of-age-1729303.html; accessed January 17, 2018.

Goit, J.K. 2007. History of Terai in Nepal: Nepalese Rule in Terai . Available at http://madhesi.wordpress.com/2007/04/04/history-of-terai-in-nepal/; accessed December 7, 2016.

Gupta, Anirudha. 1993. *Politics in Nepal (1950–60).* Delhi: Kalinga Publication.

Jha, Prashant. 2014. *Battles of the New Republic.* Delhi: Aelph Publication House.

Koirala, Matrika Prasad. 2008. *A Role in a Revolution.* Lalitpur: Jagadamba Prakashan.

Koirala, Niranjan. 1990. Nepal in 1989: A Very Difficult Year. *Asian Survey* 30(2): 136–143. DOI: 10.2307/2644891.

Ministry of External Affairs, Government of India. 2015. Statement on the Situation of Nepal (Press Release, September 20). Available at www.mea.gov.in/press-releases.htm?dtl/25821/Statement+on+the+situation+in+Nepal/; accessed June 10, 2017.

NHRC (National Human Rights Commission). 2015. *Human Rights Situation during the Agitation before and after Promulgation of the Constitution of Nepal*. Lalitpur: NHRC. Available at www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC_Nepal_Madhesh_Terai_Protest_Human_Rights_Monitoring_Report_English.pdf; accessed June 8, 2017.

Singh, Rajkumar. 2009. *Global Dimensions of Indo-Nepal Political Relations.* New Delhi: Gyan Publishing House.

South Asia Terrorism Portal. 2001. External Linkages. Available at www.satp.org/satporgtp/countries/nepal/terroristoutfits/index.html; accessed December 9, 2016.

Thapliyal, Sangeeta. n.d. Crisis of Democracy in Nepal. Available at www.idsa-india.org/an-jul-6.html; accessed January 30, 2018.

## लेखक परिचय

मार्टिन चौतारीमा आबद्ध **भावना ओली**ले पोखरा विश्वविद्यालयबाट अंग्रेजीमा एमए गरेकी छन् । अध्यापनको अनुभवसँगै झापाको *जनसंसद* दैनिक र द *काठमाडौँ पोष्ट* दैनिकमा उनका केही लेख र पुस्तक समीक्षा प्रकाशित छन् । इमेल : bhawanaoli@gmail.com

# अनुसूची : मधेश आन्दोलन २०७२ मा ज्यान गुमाएकाहरूको विवरण

| क्र.सं | नाम | ठेगाना | घटना भएको मिति |
|---|---|---|---|
| १ | टीकाराम गौतम | सुर्खेत | साउन २५, २०७२ |
| २ | यमबहादुर बिसी | सुर्खेत | साउन २५, २०७२ |
| ३ | गोपालसिंह राजवार | सुर्खेत | साउन २५, २०७२ |
| ४ | राजेन्द्र (राजिव) राउत | भारदह, सप्तरी | भाद्र १, २०७२ |
| ५ | दुर्गेश यादव | भैरहवा, रुपन्देही | भाद्र ३, २०७२ |
| ६ | सुनिल यादव | भैरहवा | भाद्र ३, २०७२ |
| ७ | सुधीराम यादव | पकडिया, रुपन्देही | भाद्र ३, २०७२ |
| ८ | रामेश्वर पासी | योदयार-३, रुपन्देही | भाद्र ३, २०७२ |
| ९ | शैलेन्द्र श्रीवास्तव | बेलहिया, रुपन्देही | भाद्र ५, २०७२ |
| १० | हरिबहादुर कुवँर | कर्णाली | भाद्र ६, २०७२ |
| ११ | राजकिशोर ठाकुर | गौर, रौतहट | भाद्र ७, २०७२ |
| १२ | लक्ष्मण न्यौपाने (एसएसपी) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| १३ | बलराम बिष्ट (इन्स्पेक्टर) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| १४ | केशवराज बोहरा | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| १५ | लोकेन्द्र चन्द (प्रहरी जवान) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| १६ | लक्ष्मण खड्का (प्रहरी जवान) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| १७ | रामबिहारी ठाकुर (प्रहरी हवल्दार) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| १८ | ललित साउद (प्रहरी हवल्दार) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| १९ | टेकेन्द्र साउद (वर्ष२) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| २० | चिन्कु दगौरा थारू (आन्दोलनकारी) | टीकापुर, कैलाली | भाद्र ७, २०७२ |
| २१ | दिलिप चौरसिया | वीरगञ्ज, पर्सा | भाद्र१४, २०७२ |
| २२ | धर्मराज सिंह | वीरगञ्ज, पर्सा | भाद्र १५, २०७२ |
| २३ | दीनानाथ साह | वीरगञ्ज, पर्सा | भाद्र १५, २०७२ |
| २४ | भोला साह | वीरगञ्ज, पर्सा | भाद्र १५, २०७२ |
| २५ | सोहन शाह कलवार | वीरगञ्ज, पर्सा | भाद्र १५, २०७२ |
| २६ | हिफाजत मियाँ | कलैया, बारा | भाद्र १५, २०७२ |
| २७ | रामकृष्ण राउत | भारदह, सप्तरी | भाद्र २३, २०७२ |
| २८ | रोहन चौधरी | जलेश्वर-७, बजराही, महोत्तरी | भाद्र २३, २०७२ |
| २९ | रामविवेक यादव | महोत्तरी-५, महोत्तरी | भाद्र २३, २०७२ |
| ३० | अमित कापड | जलेश्वर-१४, बखरी, महोत्तरी | भाद्र २३, २०७२ |
| ३१ | विरेन्द्र बिच्छा | पिगौना, महोत्तरी | भाद्र २३, २०७२ |
| ३२ | थमनबहादुर बिक (सशस्त्र प्रहरी असई) | जलेश्वर, महोत्तरी (स्थायी घर नेपालगञ्ज) | भाद्र २५, २०७२ |

| क्र.सं | नाम | ठेगाना | घटना भएको मिति |
|---|---|---|---|
| ३३ | रामशिला मण्डल | हात्तिलोट, महोत्तरी | भाद्र २५, २०७२ |
| ३४ | गणेश चौधरी | जलेश्वर-७, महोत्तरी | भाद्र २५, २०७२ |
| ३५ | निकु यादव (वर्ष १८) | जनकपुर, धनुषा | भाद्र २५, २०७२ |
| ३६ | संजय चौधरी | जनकपुर, धनुषा | भाद्र २५, २०७२ |
| ३७ | दिलिप यादव (वर्ष १३) | जनकपुर, धनुषा | भाद्र २५, २०७२ |
| ३८ | चन्दन पटेल (वर्ष ४) | बेथरी, रुपन्देही | भाद्र २९, २०७२ |
| ३९ | रञ्जना क्षेत्री (वर्ष १४) | बेथरी, रुपन्देही | भाद्र २९, २०७२ |
| ४० | राजकुमार बरई | बेथरी, रुपन्देही | भाद्र २९, २०७२ |
| ४१ | बिन्दु लाकोल | बेथरी, रुपन्देही | भाद्र २९, २०७२ |
| ४२ | सोहवाती मुराऊ | गोनाहा-७, रुपन्देही | भाद्र २९, २०७२ |
| ४३ | नन्दनी पाण्डे | गोनाहा, रुपन्देही | भाद्र २९, २०७२ |
| ४४ | शत्रुधन पटेल | मैनपुर, पर्सा | असोज ३, २०७२ |

*स्रोत : मधेशवाणी (२०७२) ।*